# अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

**प्रधान कार्यालय, ज्ञानेश्वर, काठमाडौँ**

## पन्ध्रौँ वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : साउन १६, २०८०**

यस कम्पनीको मिति २०८०।०३।२८ मा बसेको सञ्चालक समितिको २७७औँ बैठकको निर्णय अनुसार यस कम्पनीको पन्ध्रौँ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय तथा स्थानमा बसी निम्न विषयहरू उपर छलफल तथा निर्णय गरिने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि अनुरोध गरिएको छ।

### सभा हुने मिति, समय र स्थान :

**मिति : २०८०।०५।०६ गते, बुधबार (तदनुसार २३ अगस्त, २०२३)**

**समय : बिहान ११:३० बजे**

**स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौँ।**

### साधारण सभाको विषय सूची

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत कम्पनीको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्नेबारे।

२. लेखापरीक्षणको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७८/७९ को नाफा/(नोक्सान) हिसाब, नगद प्रवाह विवरण तथा इक्वीटीमा भएको परिवर्तन उपर छलफल गरी पारित गर्नेबारे ।

३. लेखापरीक्षण ऐन, २०७५ को दफा ११ बमोजिम श्री महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन, २०६३ को दफा १६५ (घ) को प्रावधान अनुरूप लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७९/८० का लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धी प्रस्ताव पारित गर्नेबारे।

४. विविध।

### विशेष प्रस्ताव

१. आयोजना प्रभावित दोलखा जिल्लास्थित विभिन्न सामाजिक संस्थाहरू लगायत अन्य संस्थाहरूलाई सञ्चालक समितिको विभिन्न मितिको निर्णय र व्यवस्थापनलाई प्राप्त अख्तियारीभित्र रही आ.व. २०७८/७९ मा आर्थिक सहयोग उपलब्ध गराइएको रकम अनुमोदन गर्ने सम्बन्धमा।

२. विविध।

### साधारण सभा सम्बन्धी जानकारी

१. वार्षिक साधारण सभा गर्ने प्रयोजनका लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजको कार्य मिति २०८०/०४/२६ गते १ दिन बन्द रहनेछ। शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई कायम रहेका शेयरधनीहरू वार्षिक साधारण सभामा भाग लिनका लागि योग्य हुनेछन्।

२. कम्पनीको आ.व. २०७८/७९ को लेखापरीक्षण गरिएको सङ्क्षिप्त वित्तीय अवस्थाको विवरण तथा सञ्चालक समितिको वार्षिक प्रतिवेदन लगायतका कागजातहरू निरिक्षण गर्न कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय ज्ञानेश्वरमा सम्पर्क राख्न सकिनेछ। साथै कम्पनीको वेबसाइट www.utkhpl.org.np मा पनि हेर्नसकिनेछ।

३. सङ्गठित संस्था शेयरधनी भएको हकमा संस्थाले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको व्यक्ति अख्तियारी पत्रसहित उपस्थित हुनुपर्नेछ र प्राकृतिक व्यक्तिले नियुक्त गर्ने प्रतिनिधि (प्रोक्सी) कम्पनीको शेयरधनी हुनुपर्नेछ।

४. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने व्यक्तिगत शेयरधनीले कम्पनीको अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सभा हुनुभन्दा ३ दिन अगावै अर्थात् मिति २०८०/०५/०३ गते बिहान ११ बजेभित्र उक्त प्रतिनिधि (प्रोक्सी) यस कम्पनीको कार्यालयमा अथवा शेयर रजिष्ट्रार सनराईज क्यापिटल लि., कमलपोखरी, काठमाडौँमा दर्ता गराइसक्नुपर्नेछ।

५. कम्पनीमा दर्ता गराइएको प्रतिनिधि (प्रोक्सी) साधारण सभाको गणपूरक सङ्ख्याका लागि मान्य हुनेछ।

६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सम्पूर्ण शेयर विभाजन नहुने गरी एकै व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुपर्नेछ। शेयर विभाजन गरेर दिइएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ। एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिलो दर्ता हुने प्रतिनिधि (प्रोक्सी) मान्य हुनेछ।

७. सभामा भाग लिनुहुने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थलमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका बिहान १०.०० बजेदेखि खुला रहनेछ।

८. आफ्नो परिचयपत्र सरकारी कार्यालयबाट जारी भएको वा शेयर अभौतिकीकरण गरेको व्यक्ति नै देखिने हितग्राही खाताको विवरण (Demat Account Statement) प्रस्तुत गरेपछि मात्र सभा स्थलभित्र प्रवेश गर्न पाइनेछ।

९. शेयर प्रमाणपत्र प्राप्त गरिनसकेका वा शेयर अभौतिकीकरण गरी नसकेका शेयरधनीहरूको हकमा आफ्नो परिचय खुल्ने सरकारी कार्यालयबाट जारी भएको परिचयपत्र वा नागरिकता वा शेयरका लागि दरखास्त दिंदा प्राप्त गरेको अर्धकट्टी वा रकम फिर्ता गर्दा प्राप्त गरेको चेकको अर्धकट्टी प्रस्तुत गरेपछि सभास्थलभित्र प्रवेश गर्न पाइनेछ।

**सञ्चालक समितिको आज्ञाले**

**कम्पनी सचिव**